# सांस्कृतिक उपहार



सांस्कृतिक संस्थान

सं. २०३४ साल आषाढ ५ गते

# सांस्कृतिक उपहार

सं. २०३४ साल आषाढ ५ गते

सम्पादक
श्री इन्द्रप्रसाद काफ्ले

प्रकाशकः-

सांस्कृतिक संस्थान, राष्ट्रिय नाचघर, काठमाडौं।

# हाम्रो भनाई

राष्ट्रिय संचारसेवा योजना अन्तर्गत सम्वत् २०२६ साल आषाढ ५ गते सांस्कृतिक संस्थानको जन्म भएको हो। त्यस वखत देखि अहिलेसम्मको विगत चार वर्षको अवधिमा यस सांस्कृतिक संस्थाले के कति कस्तो प्रगति गर्न सकेको छ र संस्कृतिको क्षेत्रमा एवं सांस्कृतिक कार्यक्रमको स्तरलाई माथि उठाउने र यसको माध्यमद्वारा संस्कृतिको संरक्षण एवं प्रचार प्रसारमा कसरी कति योगदान गर्न सकेको छ भन्ने कुरा जनसमक्ष प्रस्तुत गर्नु यस प्रकाशनको मुख्य उद्देश्य हो। लोक संस्कृतिको संरक्षण एवं प्रचार प्रसारको निमित्ति जनताको पनि सहयोग अत्यावश्यक छ र जनसहयोग विना सामाजिक सेवा गर्ने प्रकृतिकोयस सांस्कृतिक संस्थानले वास्तविक प्रगति गर्न गाह्रो पर्छ भन्ने अनुरोध जनसमक्ष पुऱ्याउने समेत उद्देश्य राखी सामयिक संकलनको रूपमा यो सांस्कृतिक उपहार पाठकहरूको समक्ष प्रस्तुत गरिएको छ। विगत चार वर्षको अवधिमा राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–राज्यभिषेकको महान् उपलक्ष्यमा यस संस्थानले पनि केहि सेवा गर्ने अवसर पाएकोमा सांस्कृतिक संस्थानपरिवार आफूलाई गौरवान्वित ठान्छ। सांस्कृतिक कार्यक्रमको स्तर उठाउन कलाकारहरूको स्तर एवं मनोवल उच्च पार्न, संस्कृतिको संरक्षण एवं प्रचार प्रसारको निमित्त केहि भौतिक साधनहरूको पनि आवश्यकता पर्दछ, ती आवश्यकताहरूको पूर्तिविना केवल भावना वा आदर्शलेमात्र उद्देश्यपूर्ति हुन सक्तैन। यसैले यस संस्थानले सर्वप्रथम त्यस तर्फ विशेष ध्यान दिई अत्यावश्यक केही भौतिक उपलब्धिहरू पनि हासिल गरेको छ। यस्तो उपलब्धि सित पाठकहरूको परिचय गराउन पनि यस प्रकाशनमा प्रयास गरिएको छ। राष्ट्रिय संचार सेवा योजना अनुसार गठित यस संस्थानको कार्यक्षेत्र मुख्यतया प्रदर्शनमा मात्र सीमित गरिएकोले प्रदर्शनको क्षेत्रमा संस्थानको स्थापना भए देखि अहिलेसम्मको संक्षिप्त रूपमा भए पनि भए गरेका कुराहरू पाठक समक्ष प्रस्तुत गरेका छौं।

# सांस्कृतिक संस्थान—एक परिचय

राष्ट्रिय संचार सेवा योजना अनुसार संचार संस्थान ऐन २०२८ अन्तर्गत सं २०२९ साल आषाढ ५ गते यस संस्कृतिक संस्थानको स्थापना भएको हो। राष्ट्रिय संस्कृतिको अझै व्यापक रूपमा संरक्षण सम्बर्धन एवं प्रचार प्रसार होस र नेपाली राष्ट्रियपन भएको सांस्कृतिक कार्यक्रमको माध्यमद्वारा नेपाली जनताले स्वच्छ मनोरन्जन प्राप्त गर्न सकून्‌भन्ने उद्देश्यले यस संस्थानको स्थापना भएको हो। यस उद्देश्य पूर्तिको निमित्त प्राथमिक आवश्यकताको रूपमा केही भौतिक साधनहरूको व्यवस्था गर्नु राष्ट्रिय संचार सेवा अनुरूप प्रशासनिक संगठनको नयाँ व्यवस्था गर्नु आवश्यक कर्मचारीहरूको नियमपूर्वक भर्ना नियुक्ति आदिको व्यवस्था गर्नु आदि संस्थानको स्थापना हुनासाथ प्रारम्भिक व्यवस्थामा गर्नु पर्ने आवश्यकीय कामहरूका साथै संचार योजना बमोजिम केही अत्यावश्यक विकास कार्यहरू पनि सम्पन्न गर्नु परेको थियो।



( नव निर्मित मूल ढोका )

राष्ट्रिय नाचघर भित्र वर्षातको समयमा ढलको पानी पसेर प्रदर्शनको समयमा दर्शकहरूको निमित्त र कलाकारहरूको निमित्त समेत ठूलो समस्या उत्पन्नगरिदिन्थ्यो, दमकल बोलाएर हलभित्रको पानी सफागर्न लगाउनु पर्थ्यो। यस संस्थानको स्थापना हुनासाथ सबै भन्दा मुख्य तथा आवश्यक कार्य राष्ट्रिय सञ्चार सेवा योजनामा उल्लेख भए बमोजिम वर्षातको समयमा राष्ट्रिय नाचघर भित्र पानी पस्न नदिन ढल तथा पेटीको निर्माण गरियो। यस वखत देखि बाहिरबाट नाचघर भित्र पानी पस्ने समस्या सदाको लागि बन्द भयो।

सांस्कृतिक संस्थानको गठन भएका बखत राष्ट्रिय नाचघरको कम्पाउण्ड भित्र पस्ने मूल ढोका भत्की बिग्रेको थियो। सो ठाउँमा नेपालीपन झल्कने गरी मूलढोकाको निर्माण गरियो।

सांस्कृतिक संस्थान कार्यालय, राष्ट्रिय नाचघर तथा भित्र रहेको सरसामानहरूको सुरक्षाको लागि मूल ढोकासंग एउटा पालेघरको निर्माण गरियो जहां हाल दिनरात भूतपूर्व सैनिकहरूको पालो पहरा रहेको छ।



( नव निर्मित पालेघर )

राष्ट्रिय नाचघरको पश्चिम र दक्षिण पट्टीको परखाल अति होचो र खुला रहेकोले बाहिरबाट मानिसहरू सजिलैसंग परखाल डक्लेर भित्र आउन जान सक्थे। त्यसले गर्दा सुरक्षाको दृष्टिकोण-

बाट पनि सो परखालमा केही सुधार ल्याउनु आवश्यक संझी परखाललाई अग्लोपारी त्यसमा एक छेउदेखि अर्को छेउसम्म कांटेतार लगाइयो।

नाचघरका सामानहरू सुव्यवस्थित ढंगबाट राख्नको निमित्त भण्डारकोठा र कलाकारहरूलाई सांस्कृतिक कार्यक्रमको दैनिक अभ्यास गर्नेको लागि अभ्यासकोठा निर्माण हुन अति आवश्यक देखी संस्थानले उक्त दुबै कोठाहरूको निर्माणको व्यवस्था गरी अहिले सो दुबै कोठा सहितको एक नेपाली कलापूर्ण भवनको निर्माण पूरा भएको छ। सोही भवनमा संस्थानको कार्यालय समेत रहेको छ।



( संस्थानको नव निर्मित भवन )

संस्थानद्वारा प्रदर्शन गरिने सांस्कृतिक कार्यक्रमको संगीतको व्यवस्था गर्न र गीतिनाट्यहरूको संगीतको टेप गर्नको लागि एक अत्याधुनिक रेकर्डिङ्ग रूमको निर्माण पूरा भएको छ।



( रेकडिङ्ग भईरहेको )


# स्टुडियो भवन (रेकर्डिङ्ग रूम) को निर्माण

सांस्कृतिक संस्थानबाट दैनिक प्रस्तुत गरिने विभिन्न सांस्कृतिक कार्यक्रम, नाटक लगायत गीति-नाट्य र व्यालेहरू लगायत अरूलाई समेत चाहिने आवश्यकीय संगीतहरू टेप ( रेकर्डिङ्ग ) गर्नु पर्दा संस्थानको आफ्नै निजी स्टुडियो नभएकोले निकै नै मर्का खप्नु परिरहेको छ । संस्थानभएको सुरू सुरूमा रेडियो नेपालको स्टुडियो पनि उपलब्ध गराइएको हो । तर सधैं यसरी अरूको स्टुडियोको भरपर्दा दुवैतिर व्यावहारिक कठिनाईहरू उत्पन्न हुनुको साथ साथै समयमा काम पूरा नभई धोका पनि हुन जाने भएकोले राष्ट्रिय नाचघरको स्टेजलाईनै चारैतिर पर्दाले घेरी टेप गरी काम चलाउनु परिरहेको छ । यसरी रेकर्ड़िङ्ग गरिएको संगीतहरू प्राविधिक दृष्टिकोणले जस्तो स्तरीय हुनु पर्ने हो त्यती स्तरीय भने हुंदैन । त्यसैले संस्थानलाई सधैं एउटा रेकर्डिङ्ग गरिने स्टुड़ियोको अभाव खट्कीइ रहेको थियो । सोही अभाव पूरा गर्नको

लागि एउटा रेकर्डिङ्ग स्टुडियो भवन निर्माण गर्न कार्य पूरा गरिएको छ। अब निकट भविष्यमा नै उक्त भवनमा आवश्यक उपकरण र विजुली जडान गरिने तर्फ कारवाही भै रहेको छ।

हाल भइरहेको रंगमन्चको गहिराई अलि कम भएकोले दैनिक सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्न प्रारम्भ गरे पछि त्यसमा सुधार गर्न अति आवश्यक देखिएकोले रंगमन्चलाई आवश्यक मात्रामा गहिरो र भित्री लम्बाई बढाई प्रोजेक्टरलगाउनसमेत सजिलो हुने गरी रंगमन्चसुधारको कार्य पुरा भएको छ।

रंगमन्चमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गरिंदा कुन कुन बखतमा कस्तो प्रकाशको आवश्यकता पर्छ भन्ने कुराको नियन्त्रणको लागि एउटै ठाउँबाट सम्पूर्ण प्रकाश–व्यवस्थाको नियन्त्रण गर्न आवश्यक भएकोले सो नियन्त्रण कक्षको निर्माण पूरा गरिएको छ। अब यही आर्थिक वर्ष भित्र उक्त नियन्त्रण कक्षमा आवश्यक उपकरणहरू जडान गरिने कार्य पूरा गरिनेछ।



( प्रकाशका सामानहरू )

सांस्कृतिक कार्यक्रमको स्तरलाई माथि उठाउन रंगमन्चीय प्रकाशका साधनहरूको आवश्यकता पर्ने हुनाले राष्ट्रिय नाचघरको रंगमन्चमा अत्याधुनिक रंगमन्चीय प्रकाशका साधनहरू जडान गरिएका छन् । यसबाट सांस्कृतिक कार्यक्रमको स्तरलाई माथि उठाउन निकै सहायता प्राप्त भएको छ ।



( संस्थान भएपछि किनिएका बाजाहरू )

सांस्कृतिक कार्यक्रमलाई रोचक र उच्च स्तरको बनाउन आवश्यक केही विदेशी बाजा र धेरै मात्रामा स्वदेशी बाजाहरूको पनि संकलन गरिएको छ । विदेशीबाजाहरू नेशनल ट्रेडिङ्ग लि. मार्फत् मगाइए । स्वदेशी बाजाहरू गोरखापत्रमा विज्ञापन गरी बोलपत्र आह्वान गरी नियमपूर्वक किनिएका छन् ।

## सांस्कृतिक संस्थानको गठन भए पछि किनिएका बाजाहरूको सूची यस प्रकार छः-

१) टुंगना
२) टुंगना डबल टूलो
३) टुंगना तेबर ठूलो
४) म्वाली 'सी'
५) म्वाली 'डी'
६) म्वाली 'बी'
७) कर्नाल
८) पोंगा
९) भेरी
१०) सारंगी सानो
११) सारगी
१२) सारंगी ठूलो
१३) सारंगी
१४) परिस्कृत सारंगी
१५) अरवाज
१६) सहनाइ 'सी'
१७) सहनाइ 'डी'
१८) सहनाइ 'बि'
१९) अश्चिमा मादल
२०) मादल सानो, मझ्यौला र ठूला
२१) ढोल नगरा तामाको सानो
२२) ढोल मझ्यौला तामाको
२३) ट्याम्को तामाको
२४) ट्याम्को माटोको
२५) डमरू सानो
२६) डमरू मझ्यौला
२७) ढ्याङ्ग्रो
२८) सानो प्यूचा
२९) मझौला प्यूचा
३०) प्यूचा ठूलो
३१) धीर्ज बाजा सानो
३२) धीर्ज वाजा वीडमा फलामको रिङ्ग भएको
३३) धीर्ज बाजा प्रचलित आकार
३४) मोहन बाजा
३५) खीं
३६) कोचा खीं
३७) मुर्चुङ्गा
३८) खैंजडी सानो, मझ्यौला र ठूलो
३९) डम्फु सानो, मझ्यौला र ठूलो
४०) वय 'सी'
४१) बय 'डी'
४२) बय 'वि'
४३) नरसिंहा
४४) बांसुरी 'सी'
४५) बांसुरी 'वि' र विभिन्न किसिमका
४६) ढोलक मझ्यौला
४७) तवला दायां काठको
४८) तवला बायां माटोको
४९) ढोलक ठूलो
५०) नाल (स्कु टाइपको)
५१) वंगो ३ पीसको
५२) कंगो ३ पोसको
५३) पांच पंखे हारमोनीयम
५४) स्केल चेन्ज हारमोनीयम
५५) स्टीलको टेम्बोरीन
५६) तुम्बा सहितको सरोद
५७) तुम्बा भएको सीतार
५८) केश सहितको बेला
५९) विद्युत मेन्डोलोन
६०) विभिन्न साइज प्यूचा बाजा
६१) टिन्चु
६२) वीयो

राष्ट्रिय नाचघरको दर्शककक्ष (अडिटोरियम) मा दर्शकहरूको सुविधाको लगि आरामदायी एक-नासे गद्दावाल मेचहरू जडान गरिएका छन् ।

यी भौतिक उपलब्धिहरूका साथै कलाकार-हरूको मनोवल उठाउन, स्तर उठाउन र कलाकार-हरूको प्रोत्साहनको निमित्त पनि संस्थानमा केही ठोस काम भएका छन् । कलाकारहरूको तलवमा ५०·/. देखि १००·/. सम्म वृद्धि गरिएको छ । करा-रमा रहेका कलाकारहरूलाई पनि कर्मचारीहरूले जस्तै विदा संचित गर्न पाइने र त्यसको पैसा पाउने सुविधा प्रदान गरिएकोछ । संस्थानका कलाकारहरू विरामी भएमा संस्थानकै तर्फबाट डाक्टर जंचाई संस्थानलेनै शतप्रतिशत औषधि खर्च व्यहोर्ने व्यव-स्था गरिएको थियो ।

कला र संस्कृतिको क्षेत्रमा दीर्घकालीन सेवा गरेका कलाकारहरूलाई शैक्षिक योग्यता नभएपनि कलाको क्षेत्रमा सेवा गरी आफ्नो जीवनको महत्व-पूर्ण भाग विताएको आधारमा स्थायी नियुक्ति गर्ने र अधिकृत स्तर (गजेटेड अफिसर सरह) को पदमा पुग्न सक्ने परम्परा संस्थान भएपछि शुरू भयो । यो सम्पूर्ण कलाकारहरूको निमित्त गौरवको कुरा हो । यही आधारमा स्नातक *(Graduate)* नभएका केही कलाकारहरूको अधिकृत स्तरमा लोक सेवा आयोगद्वारा निर्धारित नियम बमोजिम पदपूर्ति-समिति द्वारा स्थायी नियुक्ति भएकोछ ।

कलाकारहरुको कदर एवं प्रोत्साहनको निमित्त सांस्कृतिक संस्थानको स्थापना भए देखि प्रति वर्ष संस्थानको कलाकारहरु मध्ये एक जनालाई त्यो सालको सर्वश्रेष्ठ कलाकार घोषित गर्ने परम्परा चलाइयो । संस्थानका कलाकारहरुले सालभर संस्था-नमा गरेको सेवा, नियमितता एवं निजले सम्पा-दन गरेको कामको गुणात्मक एवं परिमाणात्मक स्तर लगनशीलता आदि समेतको विचार एवं मूल्यांकन गरी सञ्चालक समितिद्वारा गठित कमि-टिको सिफारिशको आधारमा सर्वश्रेष्ठ कलाकार घोषित गरिन्थ्यो । जो कलाकार 'सर्वश्रेष्ठ' घोषित गरिन्छ उसलाई रू. १,०००/– एक हजार रूपैयांको नगद पुरष्कार र नाट्येश्वरको मूर्ति अंकित एउटा चाँदीको शिल्ड प्रदान गरिन्थ्यो । त्यसको कदर स्वरुप रु. ७५/– मासिक तलवमा समेत वृद्धि गरिने व्यवस्था गरिएकोछ । हाल सम्म यस संस्थानका सर्वश्रेष्ठ कलाकार घोषित गरिएका कलाकारहरुको नाम यस प्रकार छः–

१. सुश्री विमला श्रेष्ठ (हाल श्रीमती विमला क्षत्री) आ. ब. २०२९–०३० (नृत्यमा)
२. श्रीमती गंगा राणा आ. ब. २०३०–०३१ (गीतमा)
३. श्री सिद्धान्तराम जोशी आ. ब. २०३१–०३२ (अभिनयमा)

संस्थानभित्रका कलाकार मध्येबाट एकजना-लाई सर्वश्रेष्ठ कलाकार घोषित गर्ने परम्पराबाट

कलाकारहरुलाई प्रोत्साहन प्राप्त भएको देखिएकोले अझ बढी व्यापक क्षेत्रमा कलाकारहरु मध्येबाट सर्वश्रेष्ठ कलाकार छान्ने व्यवस्था गर्न पाए बाहिरका कलाकारहरूलाई पनि प्रोत्साहन हुने हुनाले झन राम्रो हुने देखिएकोले हाल दिई आएको रकम रू. १,०००/- एक हजार रूपैयां भन्दा बढी रकम दिने र हालको भन्दा बढी व्यापक क्षेत्रबाट बढी कलाकारहरूको प्रतियोगिता गराएर सर्वश्रेष्ठ कलाकार छान्ने, सो व्यवस्था नहुन्जेल हाललाई संस्थानकै मात्र कलाकारहरू मध्येबाट सर्वश्रेष्ठ कलाकार छान्ने परम्परा बन्द गर्ने भन्ने निर्णय भए अनुसार हाल बन्द गरिएको छ। संस्थान बाहिर कला एवं संस्कृतिको क्षेत्रमा काम गर्ने कलाकारहरूले पनि यसरी प्रतियोगितामा भाग लिएर आफ्नो प्रतिभा र योग्यताको प्रदर्शन गर्ने मौका पाउन् भन्ने ध्येयले, संस्थान बाहिरका कलाकारहरूलाई पनि प्रोत्साहन दिन यस्तो व्यवस्था गरिएको हो ।

सांस्कृतिक संस्थानको स्थापना भएपछि राष्ट्रिय नाचघरमा विभिन्न अञ्चलका कलाकारहरूलाई पनि नियुक्ति गरिएको छ। फागुन ७ गते श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा विभिन्न अञ्चलबाट काठमाडौं आएका कलाकारहरू मध्येबाट पनि प्रतिभाशाली देखिएका कलाकारहरूलाई पनि संस्थानमा राखिएका छन्। यसरी संस्थानको बजेटले भ्याएसम्म बाहिरका प्रतिभाशाली कलाकारहरूलाई पनि संस्थानमा काम गर्ने मौका दिएको छ। संस्थानले यसरी राप्ती, कोशी र गण्डकी अञ्चलका केही कलाकारहरूलाई संस्थानमा नियुक्त गरेको छ ।

सांस्कृतिक संस्थानको स्थापना भएपछि आत्मनिर्भर हुने दिशा तर्फ पनि पाइला चाल्नु आवश्यक हुनाले दैनिक सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न तयारी गरि एक वर्ष पछि वि. सं. २०३० साल आषाढ ५ गते देखि सांस्कृतिक संस्थान – राष्ट्रिय नाचघरको रंगमंचमा दैनिक सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्न प्रारम्भ गरियो। यसबाट केही अर्थोपार्जन हुनुका साथै राष्ट्रिय संस्कृतिको संरक्षण र सम्बर्द्धनमा ठूलो योगदान प्राप्त भएको कुरा अनुभव गरियो । यसरी प्रस्तुत गरिने दैनिक सांस्कृतिक कार्यक्रमको सिलसिलामा वि. सं. २०३२ साल आषाढ ५ गते देखि प्रदर्शन गर्न प्रारम्भ गरिएको मुना मदन गीतिनाट्यको आशातीत सफलताले पनि सांस्कृतिक संस्थान सञ्चार सेवा योजना अनुरूपको निर्दिष्ट लक्ष्य प्राप्तिको मार्गमा अग्रसर भएको प्रमाणित भएको छ। साथै नेपाली रंगमन्चको इतिहासमा एउटा नयाँ रेकर्ड कायम भएको छ ।

संस्कृति विभाग भंग भएर सांस्कृतिक संस्थानको स्थापना हुनु भन्दा अघि पनि करीब १०/१२ वर्ष अघि देखि राष्ट्रिय नाचघरमा कलाकारहरू थिए, ती मध्ये केही कलाकारहरू लोक सेवा आयोगद्वारा विभिन्न तहमा स्थायी नियुक्ति भएका थिए, केही करारमा थिए । स्थायी नियुक्ति भएका कलाकारहरूको स्वतः तह विभाजन भए पनि करा–

रमा बस्ने कलाकारहरूको तह विभाजन भएको थिएन । संस्थानको स्थापना हुनासाथ कुनै ठोस मापदण्ड या आधार विना तह विभाजन हुन नसकेकोले सम्पूर्ण कलाकारहरुलाई दैनिक भ्रमण भत्ता आदि पाउने सुविधाहरुको सम्बन्धमा अधिकृत स्तर तृतीय ( गजेटेड अफिसर सरह ) तहको कर्मचारीले पाए सरह दिने व्यवस्था गरिएको छ । यो कलाकारहरुको कदर एवं प्रोत्साहन हो ।

## दैनिक सांस्कृतिक कार्यक्रमको उपलब्धि:-

सांस्कृतिक संस्थानले सम्वत् २०३० साल आषाढ ५ गते देखि राष्ट्रिय नाचघरमा दैनिक सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न प्रारम्भ गरेको थियो। त्यसको तीन वर्ष भित्रै स्व. श्री लक्ष्मी प्रसाद देवकोटाज्यूद्वारा लिखित ' मुना मदन ' गीतिनाट्यको रूपमा प्रस्तुत गर्न संस्थान सफल भयो । यो गीतिनाट्य पांच महिना भन्दा बढी समय सम्म ठूलो भीडका साथ चलेको थियो । दैनिक सांस्कृतिक कार्यक्रम प्रारम्भगरेको पहिलो दिन जम्मा पांच जना दर्शकहरूले सांस्कृतिक कार्यक्रमहेर्न टिकट किनेका थिए, तीन वर्ष पछि त्यही राष्ट्रिय नाचघरमा प्रति दिन एक हजार देखि तीन हजार सम्म दर्शकहरु मुना मदन गीतिनाट्यको टिकट किन्न आए । तर राष्ट्रिय नाचघरको दर्शक कक्षमा चार सय मात्र सीट भएकोले चार सय भन्दा बढी दर्शकहरुले निराश भएर फर्कनु परेको थियो । दैनिक सांस्कृतिक कार्यक्रमको विचारधारा ( *Conception* ) नै नभएका बखत सांस्कृतिक कार्यक्रम प्रति खास गरेर नाटक प्रति यसरी दर्शकहरुको अभिरुचि बढाउनु एवं यसरी ओइरिनु सांस्कृतिक संस्थानको विगत चार वर्षको ठूलो सफलता र ऐतिहासिक उपलब्धि हो । सांस्कृतिक संस्थानले दैनिक सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न थालेको मिति २०३० साल आषाढ ५ गते भन्दा अघि कुन ठाउँमा कसले यसरी नियमित रूपले दैनिक सांस्कृतिक कार्यक्रम चलाएको थियो, नाटकहरुको नियमित प्रदर्शन र विकास गरी यस प्रति दर्शकहरुको अभिरुचि पैदा गर्न सफलता प्राप्त गरेको थियो भन्ने कुराको मात्र तथ्यांक संकलन गरी अध्ययन गरेमा सांस्कृतिक संस्थानले विगत चार वर्ष भित्र के कस्तो प्रगति गरेको थियो भन्ने कुरा छर्लङ्ग हुन आउँछ । यस विषयमा सांस्कृतिक संस्थाननै अगुवा छ भन्नु अतिशयोक्ति नहोला जस्तो लाग्छ । सांस्कृतिक संस्थनले गत चार वर्षको अवधिमा सफलता पूर्वक रंगमञ्चमा प्रस्तुत गरेका नृत्य, गीतिनाट्य एवं नाटकहरूको संख्या यस प्राकार छ :-

क) शास्त्रीय र लोक नृत्यहरू गरी पचासौं:– जस्तै भैरव काली, झ्याउरे, तामङ्गसेली आदि

ख) गीतिनाटचहरू यस प्रकार छन् :–

१) मुटुको व्यथा :– लेखक श्री लक्ष्मण लोहनी
२) विकासको मूल फुटाउः– लेखक श्री लक्ष्मण लोहनी
३) पृथ्वीनारायण शाहको चार पक्ष :– लेखक श्री लक्ष्मण लोहनी
४) संरक्षण :– लेखक श्री श्याम दास वैष्णव
५) मुना मदन :– श्री लक्ष्मी प्रसाद देवकोटा लिखित 'मुना मदन' लाई गीतिनाटचको रूपमा प्रस्तुत गरिएको ।
६) भृकुटी :– लेखक श्री श्याम दास वैष्णव
७) राजकुमार विश्वन्तर :– लेखक श्री गणेश प्रसाद श्रेष्ठ
८) स्वतन्त्रताको सम्मान :– लेखक श्री श्याम दास वैष्णव

निकट भविष्यमै रङ्गमन्चमा प्रस्तुत गर्न तयार पारिन थालेको गीतिटच 'धने' यसका लेखक हुनुहुन्छ :– श्री युधिर सम्शेर थापा

ग) नृत्य नाटिका, सत्यनाग :– लेखक श्री राममान प्रधान

घ) संस्थानले प्रस्तुत गरेका नाटकहरू यस प्रकार छन् :–


१) सत्य हरिश्चन्द्र :– लेखक स्व० श्री भीमनिधि तिवारी
२) हवाई दुर्घटना– लेखक श्री विजय बहादुर मल्ल
३) श्री ५ पृथ्वीनारायण शाह :– लेखक श्री विजय वहादुर मल्ल
४) अचानक कथा बदलिन्छ :– लेखक श्री विजय बहादुर मल्ल
५) मसान :– लेखक स्व० श्री गोपाल प्रसाद रिमाल
६) नाम नभएको मानिस :– लेखक श्री विजय बहादुर मल्ल
७) वादलले छोपेको घाम :– लेखक श्री हरिभक्त कटुवाल
८) अन्धवेग :– लेखक सुप्रसिद्ध नाटककार श्री वालकृष्ण सम

निकट भविष्यमा रङ्गमन्चमा प्रस्तुत गर्न तयार पारिन लागेको नाटक :–

क) अमर सिंह:-                ऐतिहासिक नाटक, यसका लेखक हुनुहुन्छ श्री बालकृष्ण सम
ख) जित गढीको कथा:-          लेखक श्री जीतेन्द्र महत् अभिलाषी
ग) एक सामाजिक नाटक:-        यसका लेखक हुनुहुन्छ श्री विजय बहादुर मल्ल

(गीतिनाट्य गीतको बोलीमा प्रस्तुत गरिने नाटक, नृत्य नाटिका नृत्यद्वारा भाव व्यक्त गरी प्रस्तुत गरिने नाटक र सामान्य बोलचाल जस्तो कुराकानीको भाषाको प्रयोगरी प्रस्तुत गरिने नाटक "नाटक" नै भनिने हुनाले नाटक भन्नाले यी तीन प्रकारकै नाटक मानिन्छ)

## बालकलाकारतालीम:-



(राष्ट्रिय नाचघरको रङ्गमञ्चमा जडान गरिएका अत्याधुनिक प्रकाशका सामानहरू)

हाल नेपालमा कलाकार तालीमको व्यवस्था कहीं पनि नभएको, तालीमप्राप्त कलाकारहरूको उत्पादन संस्थागत विकासको निमित्त अत्यावश्यक हुनाले र नयाँ नयाँ प्रतिभाशाली कलाकारहरूको खांचोको पूर्तिको निमित्त पनि कलाकारको तालीमको व्यवस्था हुनु अत्यावश्यक हुनाले सुव्यवस्थित रूपले यस्तो तालीम सञ्चालनको निमित्त एक योजना बनाई पेश गरिएको, सो योजना आयोगद्वारा स्वीकृत भै हाल चालु पंच वर्षीय योजनामा समावेश गरिएको छ । पंच वर्षीय योजनामा स्वीकृत यस कलाकार-तालीम योजनामा आ. व. २०३४-०३५ मा जम्मा २० जना सम्म कलाकारहरुलाई तालीम दिने लक्ष्य राखिएको छ । हाल संस्थानमा जम्मा १९ जना कलाकारहरु तालीम

लिइ रहेकाछन् । गीत, वाद्यवादन र नृत्य तीनै विषयमा अनुभवी शिक्षकहरुद्वारा तालीम दिइंदैछ । तालीम लिइ रहेका यी कलाकारहरुले राष्ट्रिय नाचघरको रंगमन्चमा २०३३ साल पौष १ गते सर्वप्रथम विभिन्न नृत्य गीत एवं वाद्यवादनको कार्यक्रम प्रस्तुत गरे । हाल संस्थानमा १० वर्ष देखि १४ वर्ष सम्मका १६ जना प्रशिक्षार्थीहरूको पहिलो टोली तालीम लिइरहेको छ । प्रत्येक प्रशिक्षार्थी छात्र-छात्राको प्रोत्साहन र हौसलाको लागि मासिक रू. १५०/- छात्रवृतिको रुपमा प्रदान गरिने व्यवस्था पनि गरिएको छ ।

हाललाई बाल कलाकारहरुको कुनै खास विषयमा प्रतिभा जांच्न सबै कलाकारहरुलाई सबै विषयमा तालीम दिइने गरेको छ । यो तालीम व्यवस्था अहिले अनुभवात्मक प्रयोग ( *Experimental basis* ) मा छ । यसको सफलताले कलाकार तालीमको क्षेत्रमा उचित मार्गप्रदर्शन गर्ने छ भन्ने पूरा आशा राख्न सकिन्छ । भोली देशलाई चाहिने प्रतिभासम्पन्न प्रवुद्ध कलाकारहरुको खांचोलाई आंशिक रुपमा भने पनि पूर्ति गर्ने छ भन्ने विश्वास लिन सकिन्छ ।

## कठपुतली--नाच:-

बालबालिकाहरुको बौद्धिक एवं मानसिक विकासको लागि एक शैक्षिक माध्यमको रुपमा कठपुतली नाचलाई आधुनिक विश्वका विकसित देशहरुमा र कतिपय विकासोन्मुख देशहरुमा समेत महत्वपूर्ण स्थान दिइएको छ । त्यसै तथ्यलाई ध्यानमा राखी नेपाली रंगमन्चको आधुनिक इतिहासमा पहिलो पल्ट नेपाली कलाकारहरुद्वारा नेपाली कथामा आधारित कठपुतलीनाच रंगमन्चमा सफलता पूर्वक प्रदर्शन गर्ने सांस्कृतिक संस्थान नै भएको छ ।

आजको विश्वमा प्रायः प्रत्येक देशमा कठपुतली नाचको प्रचलन छ । कहीं धागोको सहाराले कठपुतलीहरूको संचालन गरिन्छ, कहीं हातले र फलामे दण्डी या लट्ठीको सहाराले संचालन गरिन्छ । हातले र लट्ठीको सहाराले संचालन गरिने पद्धति चाहीं वढी सरल र आकर्षक देखिएको छ ।

संस्कृतका नाटकहरूमा आरम्भमा सूत्रधारको उल्लेख भएको पाइन्छ । नाटकको विकासको प्रारम्भमा सूत्र ( धागो ) सो सहाराले नाच नचाउने हुनाले त्यसलाई सूत्रधार भनिएको हुन सक्तछ र कठपुतली नाचनै नाटकको आरम्भिक अवस्था हो भन्न सकिन्छ । यसबाट कठपुतली नाच हाम्रो रंगमन्चमा अति प्राचीन अवस्थामा पनि भएको अनुमान गर्न सकिन्छ ।

शुरूमा काठका पुतलीहलाई धागोद्वारा नचा-

इने नाचलाई कठपुतली नाच भनिएको हुन सक्तछ तर आजकल यसरी नचाइने पुतलीहरू काठका मात्र नभएर कपडाका, माटोका, रबरका र अन्य विभिन्न किसिमका हुन्छन् तर यी सबैलाई कठपुतलीनै भन्ने गरिएको छ ।

श्री ५ को सरकार र सोभियत संघको बीच सांस्कृतिक तथा वैज्ञानिक आदान प्रदान सम्झौता अन्तर्गत सोभियत संघबाट तासकन्द कठपुतली थिएटरका मुख्य निर्देशक श्री याकुवभ रफाइलो बीच भन्ने व्यक्ति काठमाडौं आएर सांस्कृतिक संस्थानका कलाकारहरूलाई कठपुतलीप्रदर्शनको तालीम दिए । । सांस्कृतिक संस्थानका कलाकार तथा प्राविधिज्ञहरू समेत गरी जम्मा १४ जनाले कठपुतली प्रदर्शन तालीम लिए । तिनीहरूलाई प्रमाण पत्र पनि दिइयो । यी तालीमप्राप्त कलाकारहरूलाई राष्ट्रिय नाचघरको रंगमन्चमा तीन पटक सफलता पूर्वक कठपुतली नाचको प्रदर्शन गरे । नेपाली कलाकारहरूद्वारा नेपाली विषयवस्तु एवं कथामा आधारित कठपुतली एवं साधनको प्रयोग गरी कठपुतलीनाचको प्रदर्शन गरेको यो नेपाली रंगमन्चको आधुनिक इतिहासमा पहिलो पटक हो । यसको लागि सांस्कृतिक संस्थानका कलाकारहरू धन्यबादका पात्रछन् ।



( कठपुतली नाच )

यी सबै कार्यक्रमका अतिरिक्त विभिन्न राष्ट्रिय चाडपर्वहरू जस्तै राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडा महारानी सरकारहरूको शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा, श्री ५ महेन्द्र-जयन्ती तथा संविधान दिवलको उपल्यमा, श्री ५ त्रिभुवनजयन्ती तथा प्रजातन्त्रदिवसको उपलक्ष्यमा एवं श्री ५ पृथ्वीजयन्तीको उपलक्ष्यमा प्रति वर्ष संस्थानले राष्ट्रिय भावनाले ओतप्रोत भएका विशेष कार्यक्रमहरू प्रस्तुत गर्दै आएको छ । विकास-क्षेत्र धनकुटा, पोखरा र सुर्खेतका विभिन्न ठाउँ–हरूमा सांस्कृतिक संस्थानबाट खटिएर गएका कलाकारहरूले कार्यक्रम प्रस्तुत गरेकाछन् र स्थानीय कलाकारहरूलाई कार्यक्रम प्रस्तुत गर्नमा सक्दो मात्रामा आवश्यक सहयोग प्रदान गरेकाछन् ।

विभिन्न मित्रराष्ट्रहरूबाट नेपाल अधिराज्यको भ्रमणमा आएका प्रतिनिधिमण्डल एवं विशिष्ट अतिथिहरूको संमानमा यस संस्थानले विभिन्न सांस्कृतिक कार्यक्रम देखाउने सुअवसर पाएकोछ ।

# श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको

## शुभ-राज्याभिषेंकको महान् उपलक्ष्यमा सांस्कृतिक संस्थानद्वारा प्रस्तुत विभिन्न सांस्कृतिक कार्यक्रमको एक झलक

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–राज्याभिषेकको पुनीत उप–लक्ष्यमा सांस्कृतिक संस्थानले सप्ताहव्यापी सांस्कृतिक कार्यक्रमको आयोजना गरी हर्षोल्लासको साथ राष्ट्रिय पर्व मनाउने सौभाग्य पाएको थियो। उक्त महान् उपलक्ष्यमा सांस्कृतिक संस्थानद्वारा प्रस्तुत सांस्कृतिक कार्यक्रमको संक्षिप्त विवरण यस प्रकार छ :–

चौध अञ्चलबाट कलाकारहरूको छनौट गरी शुभ–राज्याभिषेकको महान् उपलक्ष्यमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न २०३१ साल फाल्गुण ४ या ५ गते काठमाडौं आइपुग्ने गरि तिनीहरूलाई वोलाइएको थियो। तिनीहरूको खाने र बस्ने समेतको सम्पूर्ण बन्दोबस्त सांस्कृतिक संस्थानले व्यवस्था गरेको थियो। २०३१ साल फाल्गुण ८ गते देखि ऐं. १४ गते सम्म 'शुभ–राज्याभिषेक सप्ताहव्यापी' सांस्कृतिक कार्यक्रम सफलता पूर्वक मनाइएको थियो। चौध अञ्चलबाट बोलाएका कलाकारहरूद्वारा प्रदर्शनस्थल भृकुटि मण्डपमा रहेको खुला मन्चमा एक हप्तासम्म विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो। प्रति दिन हजारौं दर्शकहरूको ठूलो भीड़ले उक्त कार्यक्रम हेरेका थिए।

'शुभ–राज्याभिषेक सांस्कृतिक तथा मनोरञ्जन उप-समितिको' तर्फबाट विभिन्न व्यक्ति एवं संघ, संस्थाहरूलाई उक्त सप्ताहव्यापी कार्यक्रममा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न आर्थिक सहायता उप–लब्ध गराइएको थियो। अर्थिक सहायता पाउने–हरूको नाम यस प्रकार छ:–

क) श्री अञ्ज नेपाल अज्जुमन इस्लाह
ख) श्री दलित जन विकास परिषद्
ग) श्री नेपाल भूत पूर्वक सैनिक संगठन
घ) श्री दुर्गम हिमाली क्षेत्र आबाट आएका लामाहरू
ङ) श्री राममान प्रधान
च) श्री बुद्धि सागर पराजुली

तिनीहरूद्वारा प्रस्तुत कार्यक्रमको विवरण यस प्रकारको छः–

क) ने. भू. पू. सै. संगठनले १४ अञ्चलका कलाकारहरूसंग भृकुटी मण्डपमा र राष्ट्रिय नाचघरमा लोकनाचहरू प्रस्तुन गरे ।

ख) दुर्गम हिमाली क्षेत्रबाट आएका लामा कलाकारहरूले भृकुटिमण्डपमा र राष्ट्रिय नाचघरमा 'धार्मिक लामा नाचहरू' प्रस्तुत गरेका थिए

ग) दलित जन विकास परिषद्ले रष्ट्रिय नाचघरमा लोक नाच लोक गीतहरू प्रस्तुत गरेको थियो ।

घ) श्री बुद्धि सागर पराजुलीले राष्ट्रिय नाचघरमा श्री ५ वीरेन्द्र गाथा प्रस्तुत गर्नु भएको थियो ।

ङ) अखिल नेपाल अन्जुमनइस्लाहवाट राष्ट्रिय नाचघरमा कौवाली र मुसायरा प्रस्तुत गरिएको थियो ।

च) २०३१ साल फाल्गुण १५ गते यी सबै कलाकारहरूको सम्मानमा सांस्कृतिक संस्थानले स्वागत समारोहको आयोजना गरि कार्यकम देखाएको थियो ।

छ) २०३१ साल फाल्गुण १६ गते सांझ १४ अञ्चलका कलाकारहरू, दार्जलिङ्गका कलाकारहरू ने. भू. पू. सै. सं. का र लामा कलाकारहरूका नाचका साथै कौवाली पनि निमन्त्रणामा राष्ट्रिय नाचघरमा देखाइएको थियो। यस अवसरमा सम्माननीय प्रधान मन्त्रीज्यू माननीय मन्त्रीज्यू एवं राष्ट्रिय पञ्चायतका सदस्यहरू र अन्य विशिष्ठ व्यक्तिहरूको उपस्थिति थियो ।

ज) मिति २०३१-११-१० गते विभिन्न राष्ट्रहरूवाट आउनु भएका पाहुना पत्रकारहरूको सम्मानमा सांस्कृतिक संस्थानद्वारा राष्ट्रिय नाचघरमा लोक गीत र लोक नाचहरू प्रस्तुत गरिएको थियो । ती पत्रकाहरूलाई सूचना विभागद्वारा निमन्त्रणा बाँडिएको थियो ।

झ) २०३१ साल फागुन ११ गते राजकीय प्रज्ञा प्रतिष्ठान भवनमा र सांस्कृतिक संस्थानको संयुक्त आयोजनामा शुभ–राज्याभिषेकको शुभ–अवसरमा विश्वका विभिन्न राष्ट्रहरूबाट आउनु भएका विशिष्ट अतिथिहरूको सम्मानमा निमन्त्रणाबाट बेलुको ८ बजे देखि १० बजेसम्म सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो। उक्त निमन्त्रणा राजकीय प्रज्ञा प्रतिष्ठानको कुलपतिज्यूद्वारा वितरण गरिएको थियो ।

उक्त पुनीत उपलक्ष्यमा सांस्कृतिक संस्थानद्वारा राजकोय प्रज्ञा प्रतिष्ठान, प्रज्ञा भवनमा प्रस्तुत कार्यक्रमको विवरण यस प्रकार छः–

१) स्वागत गान

२) धिमेः– काठमाडौं उपत्यकाको नेवारी जातिमा प्रचलित लोकनाच ।

३) जाउं, जाउं रेलैमा:- गण्डकी अञ्चलको लोकगीतमा आधारित प्रचलित लोकनाच (झ्याउरे)

४) बेठी :- पूर्वी नेपालमा रोपाई गर्दा नाचिने प्रसिद्ध लोकनाच

५) तामाङ्गसेलो :- नेपालको पूर्वी क्षेत्र सिन्धुपाल्चोक जिल्लामा तामाङ्ग जातिले नाचिने प्रसिद्ध लोकनाच ।

६) सावनी :- खास गरेर तराई क्षेत्रको जनकपुर, सगरमाथा र नारायणी अञ्चल हरूमा नाचिने प्रसिद्ध लोकनाच ।

७) सतारको विवाह :- मेची अञ्चलको सतार जतिमा चाहाड बेलामा नाचिने प्रसिद्ध लोकनाच

८) टप्पा :- पश्चिमाञ्चलको रापती अञ्चलमा प्रचलित अतिलोकप्रिय लोकनाच ।

सेत्रु :- नेपालको उत्तरी भाग हिमाली प्रदेशमा चाहाड पर्वमा नाचिने प्रसिद्ध लोकनाच ।

उपर्युक्त सम्पूर्ण नाचहरू राष्ट्र भाषा नेपालीमा प्रस्तुत गरिएको गीतको बोलमा नाचिएका थिए ।

शुभ-राज्याभिषेकको उपलक्ष्यमा सप्ताहव्यापी कार्यक्रम सम्पन्न गरि अञ्चलहरूमा कलाकारहरू फर्के पछि पनि सांस्कृतिक संस्थानका कलाकारहरू-द्वारा राष्ट्रिय विकास प्रदर्शनी स्थल भृकुटि मण्डपमा २०३१ साल चैत्र ४ गते सम्म सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । शुभ-राज्याभिषेकको महान् उपलक्ष्यमा सांस्कृतिक संस्थानले राष्ट्रिय नाचघरमा एक महिना सम्म टिकट दरमा ५०% प्रतिशत सहुलियत दिई सर्वसाधारण जनताको लागि सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो ।

# अन्तराष्ट्रीय क्षेत्रमा:-

सांस्कृतिक संस्थानबाट अन्तराष्ट्रीय क्षेत्रमा गएका टोलीहरू:-

श्री ५ को सरकार र सोभियत संघ सरकारका बीच भएको सांस्कृतिक तथा वैज्ञानिक आदान प्रदान संझौता अन्तरगत सांस्कृतिक संस्थानबाट एक पटक सद्भावना मण्डलका रूपमा र एक पटक प्रतिनिधिमण्डलको रूपमा कलाकार र कर्मचारीहरूलाई सोभियत संघको भ्रमणमा पठाउने सुअवसर पनि संस्थानले पाएको थियो ।

(१) सम्वत् २०२६ सालमा अध्यक्ष तथा महा प्रवन्धक श्री इन्द्र प्रसाद काफ्लेको नेतृत्वमा ५ जनाको एक सद्भावना मण्डल सोभियत संघको भ्रमणमा गएको थियो । सदस्य- हरूको नाम यस प्रकार छः-

क) महाप्रवन्धक श्री इन्द्र प्रसाद काफ्ले
ख) सञ्चालक स्व. श्री भीमनिधि तिवारी ( सां. संस्थान )
ग) शा. अ. श्री भोलासिं सिलवाल ( सञ्चार मन्त्रालय )
घ) श्री मृगेन्द्र मान सिं प्रधान ( नृत्यशिक्षक, पद्म कन्या क्याम्पस )
ङ) श्री श्याम प्रसाद मानन्धर ( ध्वनि तथा प्रकाश विशेषज्ञ, सां. संस्थान )

२) सम्वत् २०२६ सालमा संगीत प्रवन्धक श्री चन्द्रराज शर्मा र अन्वेषण अधिकृत श्रीमती शोफिया शर्मा जर्मन प्रजातान्त्रिक गणतन्त्र ( जिडिआर ) मा वर्लिन फेष्टिभल अफ थिएटर्स एण्ड म्यूजिकमा भाग लिन जानु भएको थियो ।

३) सम्वत् २०३० साल आश्विन महीनामा कलाकार श्री नारायण गोपाल जर्मन प्रजातान्त्रिक गणतन्त्र ( जिडिआर ) मा वर्लिन फेष्टिभल अफ थिएटर्स एण्ड म्यूजिकमा भाग लिन जानु भएको थियो ।

४) सम्वत् २०३१ साल भाद्र महीनामा ईरानको नेशनल ओलम्पिक कमिटीको अर्गनाइजिङ्ग कमिटीको निमन्त्रणामा २०३१ साल भाद्र महीनामा हुने सातौं एशियाली खेलकूद प्रतियोगिताको अवसरमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न लोकगीत प्रवन्धक श्री इन्द्र नारायण मानन्धरको नेतृत्वमा कलाकारहरूको टोली ईरान गएको थियो र ईरानमा आकर्षक बिभिन्न लोकनाचहरु प्रस्तुत गरेको थियो । यस टोलीमा जाने कलाकारहरुको नाम यस प्रकार छः-

१) श्री इन्द्रनारायण मानन्धर
२) श्री नारायणकृष्ण श्रेष्ठ
३) श्री नवीन किशोर राई
४) श्री कोकिल गुरूङ्ग
५) सुश्री विमला श्रेष्ठ ( हाल श्रीमती बिमला क्षेत्री )
६) सुश्री भुवन थापा ( हाल श्रीमती भुबन चन्द )
७) श्रीमती सुभद्रा अधिकारी
८) श्री धिर्जलाल
९) श्री विश्वनाथ
१०) श्रीमती तारादेवी
११) श्री भीमबहादुर गुरूङ्ग

५) २०३१ साल आश्विन महीनामा कलाकार श्री सिद्धान्त राम जोशी जर्मन प्रजातान्त्रिक गणतन्त्र (जिडिआर) मा बर्लिन फेष्टिभल अफ थिएटर्स एण्ड म्यूजिकमा भाग लिन जानु भएको थियो ।

६) २०३२ साल पौष महीनामा श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा भारतको दिल्लीमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न महाप्रबन्धक श्री इन्द्र प्रसाद काफ्लेको नेतृत्वमा कलाकारहरूको एक टोली गएको थियो । यस टोलीका सदस्यहरूको नाम यस प्रकार छः-

१) श्री इन्द्र प्रसाद काफ्ले
२) श्री नारायण गोपाल कलाकार
३) श्री कोकिल गुरुङ्ग "
४) श्री श्याम प्रजापति "
५) सुश्री विमला श्रेष्ठ "
(हाल श्रीमती विमला क्षेत्री)
६) सुश्री लक्ष्मी महर्जन "
७) श्रीमती सुभद्रा अधिकारी "
८) श्रीमती कमला श्रेष्ठ "
९) श्रीमती कृष्णा प्रधान "
१०) श्रीमती सरिता श्रेष्ठ "
११) श्री धिर्जलाल "
१२) श्री विश्वनाथ "
१३) श्री न्हुछेमान "
१४) श्री कृष्ण रत्न कंसकार "

७) सम्बत् २०३२ साल फागुन महीनामा चण्डीगढ (भारत) मा युनेस्कोद्वारा आयोजित इन्टर नेशनल फोक थिएटर वर्क सपमा भाग लिन लोकगीत प्रबन्धक श्री इन्द्र नारायण मानन्धर जानु भएको थियो ।

८) २०३३ साल आश्विन महीनामा प्रदर्शन अधिकृत श्री गोविन्दप्रसाद तिमिल्सीनाको नेतृत्वमा संस्थानका कलाकारहरूको टोली सोभियत संघको भ्रमणमा गएको थियो र सोभियत संघको विभिन्न ठाउँमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । उक्त टोलीका सदस्यहरूको नाम यस प्रकार छः-

१) श्री गोविन्द प्रसाद तिमिल्सीना प्रदर्शन अधिकृत
२) श्रीमती विमला क्षेत्री कलाकार
३) श्रीमती भुवन थापा "
४) श्रीमती सुभद्रा अधिकारी "
५) श्रीमती सरिता श्रेष्ठ "
६) श्रीमती वसुन्धरा भूसाल "
७) श्रीमती तारादेवी "
८) श्री लीलाराज सिं "
९) श्री नारायण गोपाल "
१०) श्री टेकराज भारती "
११) श्री भीमबहादुर गुरुङ्ग "
१२) श्री बेदकुमार "
१३) श्री श्याम प्रजापति "
१४) श्री नारायण कृष्ण श्रेष्ठ "

| | | | |
|---|---|---|---|
| १५) श्री गणेश रसिक | " | १८) श्री प्रेमदेव गिरी | " |
| १६) श्रीमती कमला श्रेष्ठ | " | १९) श्री विश्वनाथ | " |
| १७) श्री धिर्जलाल | " | २०) श्री कृष्ण रत्न कंसाकार | " |

# पत्रपत्रिकाहरूको दृष्टिकोण

गत चार वर्षमा सांस्कृतिक संस्थानले गरेको प्रगतिबारे केही पत्रपत्रिकाहरूले व्यक्त गरेका विचारहरू मध्ये केही अँश यहां उद्धृत गरिएको छ ।

*१. प्रगतिको बाटोमा सांस्कृतिक संस्थान:– एक परिचर्चा*

२०२९ साल आषाढ ५ गते स्थापना भएको सांस्कृतिक संस्थानले तीन वर्ष पूरा गरेको छ । कुनै संस्थानको लागि तीन वर्षको अवधि त्यती लामो होइन तापनि यति छोटो अवधिमै संस्थानको स्थापना भएपछि प्रारम्भिक व्यवथा देखि लिएर विभिन्न सुधारात्मक कार्यहरू समेत केही ठोस उपलब्धि समेत हासिल गर्न सकेको बुझिन्छ ।

'आरती' २०३२-३-१४

*२. सांस्कृतिक संस्थानको प्रगति*

हुनत तीन वर्षको सानु अवधि कुनै पनि संस्थानको लागि धेरै उल्लेखनीय उपलब्धिहरू हासिल गर्न सारै सानु अवधि हुन्छ । त्यसमा पनि कला र सांस्कृतिक जस्तो क्षेत्रमा भने उपलब्धि प्राप्त गर्नको लागि यस अवधिलाई पर्याप्त छ भन्न सकिन्न । यस अतिरिक्त नेपालको आर्थिक, सामाजिक अवस्थाको कुरा गर्ने हो भने त सांस्कृतिक उन्नयन तथा विकासको कार्य निश्चयनै धेरै गाह्रो छ ।

हामीकहां व्यापक एवं विभिन्नताले भरिएको आफ्नो मौलिक किसिमको लोकसंस्कृति हो, आफ्नै नृत्य-गीत र संगीतका साधन तथा क्रियाकलापहरू छन् । तर यो जम्मै असंगठित रूपमा यत्र तत्र बरालिएको अवस्थामा रहेको हुनाले सांस्कृतिक संस्थानको लागि ती सबैलाई संकलित गरी समान राष्ट्रिय संस्कार दिने कार्य असम्भव नभए पनि अति कठिन अवश्य थियो । तैपनि गत तीन वर्षको सानो अवधि भित्र नै संस्थानले जुन प्रगति गर्न सक्यो त्यो अवश्य पनि उत्साहवर्धक कुरो हो । सरकारी संस्थानहरूमध्ये यसको क्रियाकलाप धेरै संतोषजनक छ । भारतेली सिनेमाहरूको घोर प्रतिस्पर्धा बीच दिनहुं दर्शकहरूको

धुइंचोले पनि यसको प्रगतिको प्रमाण प्रस्तुत गर्दछ ।

' नयाँ सन्देश ' २०३२-३-१३

३. *सांस्कृतिक संस्थान*

२०२६ साल असार ५ गते जन्मेको सांस्कृतिक संस्थान तीन वर्षको भएको छ । कुनै पनि संघ संस्थाको लागि तीन वर्षको सानो अवधि कुनै ठूलो अवधि होइन । तैपनि यस छोटो अवधिमा पनि यस संस्थानले नेपाली कला तथा संस्कृतिको विकास तथा उन्नयनमा जे जति योगदान गरेको छ त्यो अवश्य नै सराहनीय तथा उत्साहवर्धक कुरा छ ।

' मातृ भूमी ' २०३२-३-१०

४) सांस्कृतिक संस्थान भएदेखि यता यस संस्थानले सांस्कृतिक उत्थानका लागि गतिला तथा प्रशंसनीय कार्य गर्न सक्षम रह्यो । यसको आफ्नो आवश्यक अनुरूपको कार्यालय भवन थिएन, स्टेज बत्तीहरूको त्यती राम्रो व्वस्था थिएन, ढलको राम्रो व्यवस्था नभएकोले नाचघरको दर्शक कक्षमा पानीको दह जंथ्यो । नियमित प्रदर्शन थिएन आज यी सम्पूर्ण कुराको व्यवस्था भैसकेकोले आधुनिक नाचघरको रूपमा राष्ट्रिय नाचघर परिणत भएको छ भन्न अत्युक्ति नहोला ।

' जागृती ' २०३१-४-३

५) गत २ वर्ष देखि सांस्कृतिक संस्थानद्वारा प्रस्तुत गरिएको विभिन्न गीतिनाट्यहरूबाट दर्शकगण ज्यादै प्रभावित भएका छन् । भारतीय चलचित्रले बजारलाई पूर्ण रूपमा आफ्नो हातमा लिएको बेला सांस्कृतिक संस्थानको लागि मनोरञ्जन दिने प्रकारको कार्यक्रम बनाएर स्टेजमा प्रस्तुत गर्न निकै गाह्रो प्रश्न थियो तर यसमा पनि सांस्कृतिक संस्थानको प्रबन्धकहरू सफल भएको मान्नु पर्छ भनि पर्यवेक्षकहरू भन्दछन् ।

' चर्चा ' २०३१-३-१७

६) सांस्कृतिक संस्थानद्वारा सञ्चालित भइराखेको गीतिनाट्य नृत्य प्रदर्शन सामूहिक नाचगान जस्ता मर्मभेदी गर्विलो नेपाली पनले गर्दा अहिले मानिसहरूमा धेरै राम्रो सुनिन थालेको छ ।

' प्रतिज्ञा ' २०३१-१-२१

७) यद्यपि यस सांस्कृतिक संस्थानको जन्म भएको धेरै समय भएको छैन तापनि यसले नेपाली संस्कृतिमा आधारित कला कौशलका साथमा प्राचीन तथा अर्वाचीन एवं आधुनिक कार्यकलापको संगमस्थल सांस्कृतिक संस्थान नै भएको कुरा साबित भएको छ ।

' प्रतिज्ञा ' २०३०-६-२७

## ८) सांस्कृतिक संस्थानको प्रगति

नेपाल सांस्कृतिक संस्थानले यही आषाढ ५ गते आफ्नो स्थापनाको तीन वर्ष पूरा गरेर चौथो

वर्षमा लागेको छ । हुनत तीन वर्षको सानु अवधि कुनै पनि संस्थानको लागि धेरै उल्लेखनीय उपलब्धि हासिल गर्न सारै सानु अवधि हुन्छ । त्यसमा पनि कला र सांस्कृतिक जस्तो क्षेत्रमा उपलब्धि प्राप्त गर्नको लागि यस अवधिलाई प्रर्याप्त छ भन्न सकिन्न । यस अतिरिक्त नेपालको आर्थिक सामाजिक अवस्थाको कुरा गर्ने हो भनेत सांस्कृतिक उन्नयन तथा विकासको कार्य निश्चयनै धेरै गाहारो छ ।

हामीकहां व्यापक एवं विभिन्नताले भरिएको आफ्नो मौलिक किसिमको लोकसंस्कृति हो, आफ्नै नृत्य गीत र संगीतका साधन तथा क्रियाकलापहरू छन् । तर यी जम्मै असंठित रूपमा यत्र तत्र वरालिएको अवस्थामा रहेको हुनाले सांस्कृतिक संस्थानको लागि ती सबैलाई संकलित गरी समान राष्ट्रिय संस्कार दिने कार्य असंभव नभए पनि अति कठिन अवश्य थियो । तैपनि गत तीन वर्षको सानो अवधिभित्रनै संस्थानले जुन प्रगति गर्न सक्यो त्यो अवश्य पनि उत्साहवर्द्धक कुरा हो ।

यस तीन वर्षभित्रै संस्थाले गीतिनाट्य, नृत्य आदि क्षेत्रमा अवश्यनै निकै सौष्ठवपूर्ण कलाकारहरूको एक वर्ग नै खडा गरिसकेको छ र तीन चार वर्ष अघिको राष्ट्रिय नाचघर र अहीलेको नाचघर हेर्ने मानिसले प्रगतिको अन्तरलाई सजिलैसाथ बुझ्न सक्ने छन् । अहिले नाचघरको रंगमन्चमा प्रकाश तथा नाटक सज्जाको आधुनिकता देखेर मानिसले संस्थानको प्रशंसा नगरि रहन सक्दैन । वाद्यवादनका सर – सामानको संकलनका साथै आफ्नो प्राचीन संस्कृति तथा आधुनिकता बीच जुन मधुर समन्वय देखापरेको छ त्यो पनि सांस्कृतिक संस्थानको प्रयासको फल हो । हालै आएर संस्थानले जुन कठपुतलीनाचलाई आफ्नो कार्यक्रममा समावेश गरेको छ त्यो एक नौलो उपलब्धि हो । यस नाचका सबै कलाकार नेपाली हुन् र उहांहरूको प्रशिक्षण जसरी भैरहेको छ त्यो पनि सारै उत्साहको कुरा हो । भविष्यमा विभिन्न कुराहरूमा स्वाभाविकता ल्याउन सक्ने उद्देश्यले रंगमन्चलाई विस्तृत पार्ने योजनाबाट पनि यस संस्थानको लगनशीलता प्रष्ठित छ । सरकारी संस्थानहरू मध्ये यसको क्रियाकलाप धेरै संतोषजनक छ । भारतेली सिनेमाहरूको घोर प्रतिस्पर्द्धा बीच पनि दिनहुं दर्शकहरूको घुंइचोले पनि यसको प्रगतिको प्रमाण प्रस्तुत गर्दछ । यो सबको लागि संस्थानका महाप्रबन्धक तथा अन्य सबै बधाइकापात्र हुनुहुन्छ ।

'नयाँ सन्देश' (साप्ताहिक) २०३२-३-१३

## ६) घटनाः विवेचना

शायद नेपालीनाटकको प्रदर्शनमा यति लामो समयसम्म अर्थात् १३ हप्तासम्म दर्शकहरूलाई समान रूपमा आकर्षित गर्न सक्ने नाटक यस अघि कहिल्लै पनि प्रदर्शित भएको छैन होला भन्ने लाग्दछ 'मुना मदन' ले १३ हप्तासम्म पूर्ण सफलता पाएको छ, सायद यहां सिनेमाहलहरूमा थुप्रै सिट खाली परेका होलान्, तर राष्ट्रिय नाचघर दर्शकहरूले खचाखच भरिएको थियो ।

करूणरसप्रधान नाटकमा दर्शकहरूको मन जित्न उनीहरूको आंखा रसाउने गरी अभिनय गर्न सक्नु पर्दछ, त्यसो भएमा नाटकको सफलता मानिन्छ । मुना मदनमा नायकको पहिलो दृश्य जङ्गलको दृश्य र अन्तिम दृश्यमा जति हृदय-स्पर्शी अभिनय छ, नायिकाको सासूसंगको कुरा-कानीमा त्यत्तिकै सफल अभिनय छ । यसरी सम्पूर्ण रूपमा हेर्दा मुना मदन सफलता पूर्वक रंगमन्चमा उतारिएको नाटक मान्नु पर्दछ ।

एउटा मुना मदनको सफलता नै नेपाली रंग-मन्चको सम्पूर्ण सफलता होइन. यसलाई शुरुको खुडकीलो मानी गरे के हुंदैन भन्ने भावनाले अरू नाटकहरुलाई रंगमन्चमा उतार्न पर्दछ । नेपाली साहित्यमा थुप्रै त्यस्ता नाटकछन् जसलाई रंग-मन्चमा उतार्न त्यति मुस्किल पर्दैन, तर त्यसको लागि संयोजनको आवश्यकता पर्दछ । त्यो पक्ष-लाई सांस्कृतिक संस्थानले आफ्नो जिम्मा लियो भने नेपाली रंगमन्चले नयाँ नयाँ प्रतिभा सिर्जना गर्नुको साथै नेपालीहरुले आफ्नो आर्जन आफ्नै देशलाई दिएर मनोरञ्जन गर्न पाउने थिए ।

जे होस्, नेपाली रंगमन्चमा सांस्कृतिक संस्था-नद्वारा प्रस्तुत मुना मदनले सफलता पाएकोमा सबैलाई खुशी लाग्नु स्वाभाविक हो र भविष्यमा यस्तै कुराको कामना गर्नु पनि अतिशयोक्ति वा अतिरञ्जन हुने छैन ।

'गोरखापत्र' (दैनिक)२०३२ असौज ५ गते

## सांस्कृतिक संस्थानको आयोजनामा विदेशी कलाकार-हरूद्वारा कार्यक्रम प्रदर्शनः-

सांस्कृतिक संस्थानले आफ्नो आयोजनामा बिभिन्न विदेशी कलाकारहरूद्वारा बिभिन्न कार्यक्रम प्रस्तुत गराउने सुअवसर पनि पाएको छ ।

१) श्री ५ को सरकार र सोभियत संघका बीच भएको सांस्कृतिक तथा वैज्ञानिक आदान प्रदान संझौता अन्तर्गत नेपाल आएका रसियन कला-कारहरुद्वारा सांस्कृतिक संस्थानको आयोजनामा राष्ट्रिय सभा गृहमा आकर्षक एवं उच्चस्तरको कार्यक्रम प्रस्तुत गरिएको थियो । ती सबै रसि-कन कलाकारहरुको काठमाडौं बसुञ्जेल सम्म खाने बस्ने सवारीको साधन प्रदर्शन – स्थल आदिको सम्पूर्ण व्यवस्था सांस्कृतिक संस्थानले गरेको थियो । अहिले सम्म निम्न लिखित सालमा विभिन्न मित्रराष्ट्रहरुबाट कलाकारहरु काठमाडौं आएका थिए, तिनीहरुले आकर्षक कार्यक्रम प्रस्तुत गरेका थिए ।

रसियन कलाकारहरुः–

१) सं. २०२६ साल पौष महीनामा
२) सं. २०३० साल कार्तिक महीनामा
३) सं. २०३१ साल माघ महीनामा
४) सं. ३०३२ साल आश्विन महीनामा
५) सं. २०३३ साल आषाढ महीनामा
६) सं. २०३४ साल वैशाख महीनामा आएका रसियन कलाकारहरूको टोलीले पहिलो पल्ट काठमाडौं बाहिर वीरगञ्ज र विराटनगरमा कार्यक्रम प्रस्तुत गरेको थियो ।

७) यसका अतिरिक्त सं. २०२६ साल चैत्र महीनामा चाईनिज कलाकारहरूको एक टोली नेपाल आएको थियो । सांस्कृतिक संस्थानको आयोजनामा यस टोलीले राजकीय प्रज्ञा प्रतिष्ठानको हलमा एक हप्ता भन्दा बढी समय सम्म अति आकर्षक एवं उच्चस्तरको सर्कस प्रदर्शन गरेको थियो । यस टोलीको पनि काठमाडौं बसुञ्जेल सम्म संपूर्ण व्यवस्था सांस्कृतिक संस्थानले गरेको थियो ।

३) २०३३ साल श्रावण महीनामा आसाम (भारत) बाट कलाकारहरूको एक टोली आएको थियो । यो टोलीले सांस्कृतिक संस्थानको आयोजनामा राष्ट्रिय नाचघरमा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । यो टोलीको पनि काठमाडौं बसुञ्जेल सम्म सम्पूर्ण व्यवस्था सांस्कृतिक संस्थानको तर्फबाट गरिएको थियो ।

---

# संचालक समितिः-



(श्री इन्द्रप्रसाद काफ्ले)

(सांस्कृतिक संस्थानको पहिलो तथा दोश्रो अध्यक्ष तथा महाप्रबन्धक, पहिलो मिति २०२६ साल आषाढ ५ गते देखि २०३३ आषाढ ६ गते सम्म, दोश्रो पल्ट मिति २०३३ साल भाद्र २१ गते देखि महाप्रबन्धक पदमा पुनः नियुक्ति तथा मिति २०३४ जेष्ठ १६ गते देखि अध्यक्ष पदमा पुनः नियुक्ति)

मिति २०३३ साल आषाढ १० गते देखि २०३३ भाद्र २० गते सम्म संस्थानको प्रदर्शन अधिकृत श्री गोविन्द प्रसाद तिमिल्सीनाले का. मु. महाप्रवन्धक भै कामगर्नु भएको थियो ।

संस्थानको पहिलो संचालक समितिका सदस्यहरूको नाम यस प्रकार छः–

| | | |
|---|---|---|
| १) | श्री इन्द्रप्रसाद् काफ्ले ( महाप्रवन्धक ) | अध्यक्ष |
| २) | श्री विजय बहादुर मल्ल | सदस्य |
| ३) | स्व. श्री भीमनिधि तिवारी | " |
| ४) | श्री गोपीनाथ अर्याल | " |
| ५) | श्री हनुमानदास रञ्जितकार | " |

दोश्रो संचालक समितिको गठन २०३३ साल मार्ग ८ गते भएका थियो । सदस्यहरूको नाम यस प्रकार छः–

| | | |
|---|---|---|
| १) | श्री इन्द्रप्रसाद काफ्ले ( महाप्रवन्धक ) | सदस्य |
| २) | श्री रमेश जंगथापा | " |
| ३) | श्री गोविन्द बहादुर मानन्धर | " |
| ४) | श्री चैतन्य कृष्ण उपाध्याय | " |
| ५) | श्री नारायण गोपाल गुरुवाचार्य | " |

श्री इन्द्रप्रसाद काफ्ले मिति २०३४/२/१६ गते देखि अध्यक्ष पदमा नियुक्त भएको।

*पञ्चवर्षीय योजना*

सांस्कृतिक संस्थानको निमित्त चालू पञ्चवर्षीय योजनामा " लोकसंस्कृति संग्रहालयको स्थापना " र कलाकार तालीम सम्बन्धी योजनाहरू समावेश छन् । हाल संस्थानमा कलाकारतालीम चालू छ। संस्कृतिक उपकरणलाईबिक्रीको र टिकट विक्री–घरको निर्माण चालू छ । निकट भविष्यमै निर्माण पूरा हुने लक्ष्य राखिएकोछ । नवनिर्मित नियन्त्रणकक्षमा विद्युत् उपकरणहरू जडान गर्ने काम यसै आर्थिक वर्षमा पूरा गरिनेछ । विभिन्न लोक-नाचहरूको भेषभूषा बाजागाजाहरूको संकलन र खोजीको व्यवस्थाको लागि लोकसंस्कृति संग्रहालयको निर्माणगर्नु अनिवार्य भएको छ ।

# के गरें के भने र के हुंदैछ


लेखकः– इन्द्रप्रसाद काफ्ले
महाप्रबन्धक
सांस्कृतिक संस्थान

वि. सं. २०२६ साल आषाढ ५ गते संस्कृति विभाग संग भएर सांस्कृतिक संस्थानको स्थापना भए पछि संस्थानको पहिलो अध्यक्ष तथा महा–प्रवन्धकको हैसियतले संस्थानको विनियम तयार पार्नु, सञ्चार योजना बमोजिम प्रशासनिक संगठन-को व्यवस्था गर्नु, लोक सेवा आयोगद्वारा नियम–पूर्वक नयाँ पदहरूको पूर्ति गराउनु आदि प्रारंभिक अवस्थाका महत्वपूर्ण रचनात्मक कामहरु पूरा गर्नु परेको थियो, संस्कृति विभागका कर्मचारीहरूलाई नेपाल लोक सेवा आयोगको सदस्यको अध्यक्ष–तामा गठित कमिटिद्वारा सोध पूछ र सिफारिस गरी श्री ५ को सरकारको निर्णयानुसार सांस्कृतिक संस्थानमा ल्याइए । सञ्चार योजना बमोजिम व्यवस्था गरिएका नयाँ शाखाको निमित्त शुरूमा लोक सेवा आयोगद्वारा नियमपूर्वक कर्मचारीहरू भर्ना गरिए, पछि लोक सेवा आयोगद्वारा निर्धा–रित नियम बमोजिम पदपूर्ति समितिद्वारा भर्ना गरिए ।

संस्थानको आम्दानी खर्चको हिसाब किताब स्याहा श्रेस्ता ठीक सित राख्न त्यसको नियमित जाँच परीक्षणको लागि सञ्चार योजना बमोजिम लेखा शाखा र आन्तरिक लेखा शाखाको व्यवस्था गरियो । दुवैमा बडालेखापाल रहने व्यवस्था गरिएको छ । लेखा शाखामा दैनिक आम्दानी खर्चको हिसाब किताब स्याहा श्रेस्ता नियमपूर्वक ठिक दुरुस्त राख्ने काम हुन्छ । लेखा शाखाको त्यस्तो हिसाब किताव स्याहा श्रेस्ता ठीक दुरुस्त छ कि छैन खर्चभएको नियमित छ कि छैन भन्ने कुरा आन्तरिक लेखा शाखाले नियमित रूपले जाँच परीक्षण गर्दछ । यसरी संस्थानको आम्दानी खर्चको हिसाब किताब सुव्यवस्थित रूपमा गरिन्छ । संस्थानको स्थापना भए देखि संस्थानको हिसाबको लेखापरी–क्षण नियमित रूपमा प्रति वर्ष सम्पन्न भइरहेको छ ।

संस्थानको निमित्त आवश्यक केही भौतिक साधनहरुको पनि व्यवस्था गर्न प्रारंभ गरियो । संस्थानको स्थापना हुँदा ध्वनि तथा प्रकाशका साध-

नहरु शून्यप्राय: थिए । आज अत्याधुनिक प्रकाशका साधनहरु र राम्रा किसिमका ध्वनिका साधनहरू राष्ट्रिय नाचघरको रंगमन्चमा जडान गरिएका छन् । कलाकारहरुको निमित्त अभ्यासकक्ष र भण्डारकक्ष समेत भएको एउटा भवनको निर्माण गरियो । जसमा संस्थानका कर्मचारीहरू बस्ने कक्षहरू पनि छन् । यसमा नेपाली कलापूर्ण झयाल ढोकाहरू छन् ।



( नव निर्मित भवनको ढोका )

यस अघि संक्षेपमा उद्धृत गरिएका विभिन्न पत्रपत्रिकाहरूले व्यक्त गरेका विचारहरुबाट पनि संस्थानले गत चार वर्ष भित्र केही प्रगति गरेको रहेछ भन्ने स्पष्ट हुन्छ । चार वर्ष अघिको राष्ट्रिय नाचघर र चार वर्ष पछिको अहिलेको राष्ट्रिय नाचघरलाई तुलनात्मक दृष्टिले हेरेमा कति प्रगति भएको छ भन्ने कुरा स्वत: स्पष्ट हुन्छ ।

कलाकारको तालीमको व्यवस्था नभएको अहिलेको स्थितिमा बाल-कलाकार तालीमको व्यवस्था गरी तालीम प्रारंभ गरेको एक वर्ष भित्रै प्रशिक्षार्थी वालकलाकारहरुले राष्ट्रिय नाचघरको रंगमन्चमा उत्रेर कार्यक्रम प्रस्तुत गरेका थिए । यो महत्वपूर्ण कुरा हो ।



( प्रशिक्षार्थी बालकलाकारहरुद्वारा → प्रस्तुत नृत्य )

सांस्कृतिक संस्थानले रंगमन्चमा प्रस्तुत गरेको स्व. श्री गोपाल प्रसाद रिमालद्वारा लिखित 'मसान' नाटक ७२ दिन सम्म चलेको थियो । स्व. श्री लक्ष्मी प्रसाद देवकोटाद्वारा लिखित 'मुना मदन' गीतिनाट्यको रूपमा प्रस्तुत गर्दा १५७ दिन सम्म राष्ट्रिय नाचघरको रंगमन्चमा भीडकासाथ चलेको थियो। यो आधुनिक नेपालको रंगमन्चको इतिहासमा ठूलो उपलब्धि हो । यस अघि कुनै पनि गीतिनाट्य वा नाटक यतिका दिन सम्म चलेको सुनिएको छैन ।

'मसान' नाटक ८,६४८ दर्शकहरूले हेरे। 'मुना मदन' गीतिनाट्य जम्मा ५४,०५४ दर्शकहरूले हेरे । दर्शकहरूको माग अनुसार एक वर्ष पछि फेरि 'मुना मदन' गीतिनाट्य राष्ट्रिय नाचघरको रंगमन्चमा प्रस्तुत गरियो । एक महीना भन्दा बढी समय सम्म प्रदर्शन गरियो । नाटक, गीतिनाट्य प्रति यसरी नेपाली जनताको अभिरूचि पैदा गराउन सक्नु सांस्कृतिक संस्थानको ऐतिहासिक उपलब्धि हो ।



← ( 'मुना मदन' गीतिनाट्यको एक आकर्षक दृश्य )

गीतिनाट्यको संगीत टेपगर्न र अरू धेरै आवश्यक संगीतहरुको टेप गर्न एउटा रेकर्डिङ्ग रूम अत्यावश्यक थियो । त्यो खाँचो पूरा गर्न सांस्कृतिक संस्थान राष्ट्रिय नाचघरको कम्पाउण्डमा अत्याधुनिक रेकर्डिङ्ग रूमको निर्माण पूरा भएको छ ! त्यसमा आवश्यक उपकरणहरु जडान गर्न कारवाही भइरहेको छ ।



नियन्त्रण कक्ष
( नव निर्मित ~~रेकर्डिङ्ग रूम~~ )

संस्कृति विभाग भंग भएर सांस्कृतिक संस्थानको गठन हुनु भन्दा अघि पनि संस्कृति विभाग छँदा राष्ट्रिय नाचघरमा कलाकारहरु थिए । कलाकारहरु मध्ये केही लोक सेवा आयोगद्वारा निर्धारित शैक्षिक योग्यताको आधारमा स्थायी नियुक्ति भएका थिए । संस्थानको स्थापना भए पछि रंगमन्चमा प्रदर्शन गर्ने व्यावहारिक योग्यता उच्चस्तरको भएका तर स्नातक स्तरको शैक्षिक योग्यता भने नभएका कलाकारहरुलाई अधिकृत स्तरमा स्थायी गर्न कारवाही गर्दा नेपाल लोक सेवा आयोगबाट संस्कृतिको क्षेत्रमा लगातार पाँच वर्ष काम गरेका र सम्वन्धित विषयको तालीम प्राप्त कलाकारहरूलाई स्थायी नियुक्ति गर्न सकिने स्वीकृत सिद्धान्त अनुसार केही कलाकारहरूलाई स्नातक स्तरको शैक्षिक योग्यता नभए पनि उक्त आधारमा अधिकृत स्तर ( प्राविधिक ) मा स्थायी नियुक्ति गर्न सकियो । यस्ता धेरै योग्य कलाकारहरूको निमित्त स्थायी नियुक्ति हुने वाटो खुल्यो । यो योग्य कलाकारहरूको प्रोत्साहन र कदरको निमित्त ठूलो उपलब्धि हो । संस्थानको स्थापना भएको मिति र अहिलेको समय अर्थात् चार वर्ष अघिको र अहिलेको कलाकारहरूले पाउने पारिश्रमिकमा ५०'/. देखि १००'/. सम्म बढी सकेको छ । करारमा रहेका कलाकारहरूलाई दैनिक भ्रमण भत्ता आदिको सुविधा दिंदा अधिकृत स्तरको कर्मचारीले पाए सरह दिइने गरेको छ । करारमा रहेका कलाकारहरूलाई पनि स्थायी कर्मचारी तथा कलाकारले पाए सरह घर विदा र विरामी विदा संचित गर्न पाउने सुविधा प्रदान गरिएको छ । यी सुविधाहरु कलाकारहरुको मनोवल उच्चपार्न

कदर एवं प्रोत्साहनको निमित्त हुन् । यी पनि सांस्कृतिक संस्थानका गत चार वर्षका महत्वपूर्ण उपलब्धि हुन् ।

आहिले सम्मको मानवजातिको इतिहासमा सुधार गर्नेको विरोध गर्ने परम्परा चली आएको छ । जब कहीं कसैले कुनै राम्रो काम गर्न प्रारंभ गर्छ, केही सुधार गर्न प्रारंभ गर्छ अनि त्यसको विरोध गर्न प्रारंभ गरिन्छ । यसै गरी आज सम्म सुधार र प्रगति हुँदै आएको छ ।

सांस्कृतिक संस्थानले प्रगति गर्दै अघि बढेको समयमा अनेक तिरबाट विरोध शुरू भयो । त्यसै सिलसिलामा काठमाडौंबाट प्रकाशित पत्रिका समीक्षा ( साप्ताहिक ) को वर्ष १६ अङ्क २४ मिति २०३२ साल बैशाख २६ गतेको प्रकाशनमा भ्रष्टाचार र अनियमितताको पर्याय सांस्कृतिक संस्थान बन्न पुगेको छ भनि निराधार लान्छना लगाई अपमानजनक शब्द प्रयोग गरी छापेको र अरू विभिन्न अङ्कहरूमा पनि निराधार लान्छना लगाई छापेकोले सांस्कृतिक संस्थान प्रति घृणा र अनास्था पैदा गराउने प्रयास गरेको देखिएकोले बाध्य भएर उक्त पत्रिकाको विरूद्ध २०३३–२–६–४ मा बाग्मती अञ्चल अदालतमा नालेस दिनु पर्‍यो । सांस्कृतिक संस्थानको तर्फबाट दिइएको उक्त उजुरी माथि कारवाही हुँदा उक्त पत्रिकाका सम्पादकले उक्त पत्रिकामा छापिएको कुरा सत्यनै हो भन्ने कुनै आधार सबुद प्रमाण पेश गर्न नसकेकोले बाग्मती अञ्चल अदालतबाट मिति २०३३ साल मंसिर २ गते गाली बेइज्जती गरेकै ठहराई उक्त पत्रिकाका सम्पादक श्री मदन मणि दीक्षितलाई रू. ३०/– तीस रूपैयाँ जरीवाना समेत गरी फैसला भयो ।

काठमाडौंबाट प्रकाशित पत्रिका समीक्षा ( साप्ताहिक ) कै २०३२ साल जेष्ठ ३ गतेको प्रकाशनमा सांस्कृतिक संस्थानमा २ लाख गोलमाल भन्ने शीर्षक राखी २ लाख ३४ हजार संस्थानले पाएको थियो र सो रूपैयाँ के मा खर्च भयो आन्तरिक लेखा परीक्षणबाट पनि थाहा हुन सकेको छैन भन्ने समेत प्रचार गरी संस्थानको बेइज्जत र अपमान गर्ने मनसायले जानी जानी प्रकाशित गरेकोले उक्त पत्रिकाको उक्त प्रकाशनको विरूद्ध पनि वाग्मती अञ्चल अदालतमा नालेस दिनु पर्‍यो । सांस्कृतिक संस्थानको तर्फबाट दिइएको उक्त उजुरी माथि कारवाही हुँदा उक्त पत्रिकाका सम्पादकले सो प्रकाशित भएको कुरा सत्यनै हो भन्ने कुनै आधार सबुद प्रमाण पेश गर्न नसकेकोले बाग्मती अञ्चल अदालतबाट मिति २०३३ साल भाद्र ८ गते बेइज्जति हुने गरी पत्रिकामा छापेको ठहराई उक्त पत्रिकाका सम्पादक श्री मदन मणि दीक्षितलाई रू. ५०/– रूपैयाँ जरीवाना गर्ने समेत गरी फैसला भयो ।

यस्ता अनेकौं विरोधको सामना गरी कर्मचारी एवं कलाकारहरुको सहयोगले सांस्कृतिक संस्थान प्रगतिको बाटोमा अघि बढ्दै गयो र चार वर्षको सानु अवधिमा आधुनिक रंगमन्च-

को इतिहासमा केही उल्लेखनीय काम गर्न सक्यो ।

वि. सं. २०३० साल आषाढ ५ गते देखि सांस्कृतिक संस्थानले राष्ट्रिय नाचघरको रंगमन्चमा दैनिक सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न प्रारंभ गरेको थियो । यसबाट नेपालको आधुनिक रंग-मन्चको ऐतिहासिक परम्परा प्रारंभ भएको थियो । यस अघि उल्लिखित तथ्यहरू र पत्रपत्रिकाहरूले व्यक्त गरेका विचारहरुबाट पनि सांस्कृतिक संस्थानले गत चार वर्षमा केही उल्लेखनीय प्रगति गरेको स्पष्ट हुन्छ ।

राष्ट्रिय सञ्चार सेवा योजना बमोजिम सांस्कृतिक संस्थानको स्थापना हुँदा 'ग' श्रेणीको संस्थानमा सांस्कृतिक संस्थानलई राखिएको थियो । तर वि. सं. २०३० सालमा "श्री ५ को सरकारको स्वामित्व भएका संस्थानको तलब-स्केल र अन्य सुविधाबारे पे-समिति ( सरकारी संस्थानहरू ) अर्थ मन्त्रालयबाट" प्रकाशित निर्देशिका अनुसार सांस्कृतिक संस्थानलाई एक तह तल झारी 'घ' श्रेणीको संस्थानमा राखियो । वर्गीकरणको आधारमा मुख्यतया आर्थिक कारोवार र शाखा उप-शाखाहरु आदिको आधारमा संस्थानको वर्गीकरण गरिएको स्पष्ट हुन्छ । उदाहरण स्वरूप-सो वर्गीकरणमा निम्न लिखित संस्थानहरुलाई 'ग' श्रेणीमा राखिएको छः-

१) सूर्ति विकास लि.
२) नेपाल पारवहन गोदाम व्यवस्था
३) दुग्ध विकाससंस्थान
४) ईंटा टायल कारखाना
५) नेपाल चिया विकास कर्पोरेशन आदि

उक्त वर्गीकरणबाट सूर्ति विकास, गोदाम व्यवस्था र चिया विकास जतिको पनि 'संस्कृतिको विकास' महत्वपूर्ण देखिएन । कुनै पनि देशको सम्पूर्ण समस्याहरुलाई आर्थिक दृष्टिकोणले मात्र हेरेर मूल्यांकन गरेर देशको सर्वाङ्गीण विकास हुन सक्तैन ।

कुनै देशको आत्मा उसको आफ्नो संस्कृति हो । कुनै पनि देशको संस्कृति भन्नाले त्यो देश सिंगै हुन्छ । यसैले सांस्कृतिक क्रियाकलापमा देशको वास्तविकता प्रतिबिम्बित हुन्छ । समाजमा चिरकाल देखि चलेर अएका जनतामा संस्कारको रूपमा भिजिसकेका रहन-सहन, चालचलन, बोल-चाल, धर्मकर्म, रीतिरिवाज, आदिलाई सामूहिक रूपमा संस्कृति भनिन्छ । यसैले परम्परा देखि राम्रो संग चलिआएका रीतिस्थितिहरु पछि गएर संस्कृतिका अंग बन्ने हुनाले सामान्यतः सुसंस्कृता कृति सस्कृति भनेर संस्कृति शब्दको व्याख्या गरिन्छ । यसरी सस्कृति मनुष्यको एक जीवन पद्धति ( *Way of life* ) भइसकेको छ । तसर्थ व्यक्ति समाज एवं देशको जागरणमा सांस्कृतिक क्रियाकलापको ठूलो भूमिका रहेको हुन्छ । यसैले यस्तो महत्वपूर्ण सांस्कृतिक क्रियाकलापसित सम्ब-

न्धित सांस्कृतिक संस्थानको महत्व नबुझी केवल आर्थिक दृष्टिकोणले मात्र हेरी यसलाई सुर्ति-विकास र चिया विकास संस्थान भन्दा कम महत्वको स्थान दिनु निश्चयनै दुःख लाग्दो कुरा हो। यहाँ श्रेणी विभाजनमा तुलनात्मक दृष्टिकोणले मात्र सुर्ति विकास र चिया विकास संस्थानहरूको नाम लिइएको हो। तिनीहरूको कम मूल्यांकन गर्ने प्रयास गरिएको होइन। सुर्ति विकास र चिया विकास संस्थानको पनि आज देश-विकासमा महत्वपूर्ण स्थान रहेको छ।

राष्ट्रिय पन भएको सजीव प्रदर्शनद्वारा विभिन्न लोकनाच लोकगीत शास्त्रीय नाच गीतिनाट्य एवं नाटकहरूद्वारा व्यावहारिक रूपमा परम्परागत संस्कृतिको एक महत्वपूर्ण अङ्गको संरक्षण र विकासका साथै प्रचार पनि हुने हुनाले र यसमा अधिक जनताको सक्रिय योगदान मिलोस् भन्नका लागि सम्वत् २०२६ साल आषाढ ५ गते सांस्कृतिक संस्थानको गठन भयो। संस्कृति सम्बन्धि क्रियाकलापसंग सम्बन्धित अरू पनि विभिन्न संस्थाहरू छन्, जस्तो गुठी संस्थान, पुरातत्व विभाग, राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला महाविद्यालय. आदि। यी सब संस्कृति सम्बन्धी छन् तापनि यिनीहरूको कार्यक्षेत्रमा आफ्नै किसिमको विभिन्नता छ। संस्कृतिको व्यावहारिक पक्ष (*Performing Arts*) मुख्य कार्यक्षेत्र भएको एक मात्र संस्थान छ 'सांस्कृतिक संस्थान'। नाटकको परम्परा लुप्तप्रायः भइ सकेको र सिनेमाले दर्शकहरूमा प्रभुत्व जमाइ सकेको आजको परिस्थितिमा सांस्कृतिक संस्थानले 'मसान' नाटक एवं 'मुना मदन' गीतिनाट्य जस्तो उच्चस्तरको राष्ट्रिय पन भएको सजीव प्रदर्शनमा जसरी दर्शकहरूको अभिरूचि बढ्न-बढाउन सक्यो त्यो सांस्कृतिक संस्थानको ठूलो सफलता हो। वास्तवमा अहिलेको परिस्थितिमा दर्शकहरूमा नाटक हेर्ने अभिरूचि पैदा गर्नुमा सांस्कृतिक संस्थानले मुख्य एवं सक्रिय योगदान गरेको छ र यसबाट राष्ट्रिय संस्कृतिको संरक्षण एवं विकासमा अलिकति मात्र भए पनि सघाउ पुऱ्याएको छ भन्नुमा कुनै अत्युक्ति नहोला। तीन वर्ष अघि दैनिक सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्ने प्रारंभ गरेको पहिलो दिन जम्मा पाँच जवान दर्शकहरूले सांस्कृतिक कार्यक्रम हेर्न टिकट किनेका थिए, दैनिक सांस्कृतिक कार्यक्रम प्रारम्भ गरेको तीन वर्ष भित्रै प्रति दिन एक हजार देखि तीन हजार सम्म दर्शकहरू टिकट किन्न आए। तर चार सय भन्दा बढी दर्शकहरूले टिकट नपाएर निराश भएर फर्कनु पऱ्यो। दैनिक सांस्कृतिक कार्यक्रमको विचारधारा (*Conception*) नै नभएका बखतमा सांस्कृतिक कार्यक्रम पट्टि यसरी दर्शकहरू ओइरिनु सांस्कृतिक संस्थानको ठूलो सफलता र ऐतिहासिक उपलब्धि हो।

सांस्कृतिक संस्थानले परम्परागत पर्व, जात्रा तथा नाचहरू गरी जम्मा २२ वटालाई तिनीहरूको संरक्षणको लागि प्रति वर्ष जम्मा रू. १७,२५०/-

आर्थिक सहायता दिइ आएकोमा सं. २०३३ साल देखि प्रत्येकले साविकमा पाइरहेको रकमको प्रायः तीन गुना जति बढ़ी जम्मा रकम रू. ४४,७००/- आर्थिक सहायता दिई आजको स्थितिमा तिनी-हरूको संरक्षण गरी आएकोमा गत वर्ष देखि तिनीहरूलाई आर्थिक सहायता प्रदान गरी संर-क्षण गर्ने काम श्री ५ को सरकारको निर्णयानुसार पुरातत्व विभागलाई सुम्पिएको छ । यसबाट सञ्चार सेवा योजना बमोजिम संस्थानले प्रदर्श-नमा मात्र बढी ध्यान केन्द्रित पार्न झन् सजिलो भएको छ ।

राष्ट्रिय सञ्चार सेवा योजना बमोजिम सं. २०२६ साल आषाढ ५ गते स्थापना भएको सांस्कृतिक संस्थान नेपालको आधुनिक इतिहासको अनिवार्य आवश्यकताको पूर्ति थियो । तर यस-को स्थापना हुनासाथ राष्ट्रिय संस्कृतिको व्यावहा-रिक पक्ष ( *Performing Arts* ) आफ्नो मौलिक कार्यक्षेत्र भएको यस संस्थानलाई खतम पार्न, यसको अस्तित्वनै समाप्त गर्न प्रयास गर्न पनि मानिसहरू पछि परेनन् । जुन उद्देश्यको लागि यो संस्थानको स्थापना भयो के त्यो उद्दे-श्यनै गलत थियो ? र यो संस्थानलाई खतम पार्न प्रयास शुरू भयो ? या राष्ट्रिय संस्कृतिको आफ्नै किसिमको एक मात्र यो संस्थानको अस्तित्व नै देख्न नसकेर यसको अस्तित्वको विरोधमा प्रचार शुरू गरियो ? यी मौलिक प्रश्नहरूको उत्तर भावी इतिहासले दिने छ । सांस्कृतिक संस्थानलाई कहिले कुन ठाउँमा गाभ्ने, कहिले कुनमा विलयन गरि दिने आदि प्रचार समय समयमा चलेको सुनिन्छ । वास्तवमा राष्ट्रिय संस्कृतिको यो संस्थानलाई सबको सहयोगले अगि बढाउनु पर्छ । आत्मनिर्भर हुन टेवा दिनु पर्छ। व्यापारिक उद्देश्यले खडा भएका संस्थानहरू समेत स्थापना हुनासाथ आत्मनिर्भर हुन सकेको देखिएको छैन । सांस्कृतिक संस्थान त सामाजिक सेवा प्रकृति ( *Social Service nature* ) को संस्थान भएकोले स्थापना हुनासाथ आत्मनिर्भर हुन सक्ने कल्पना गर्नु नै गलत हो । यसलाई केही समय सम्म आर्थिक टेवा दिएर आत्मनिर्भर हुन सक्ने स्थितिसम्म पुऱ्याउनु पर्छ । यो आजको परिस्थितिको माग हो ।

रंगमन्च प्रदर्शनको अहिलेसम्मको अनुभवबाट तालीमप्राप्त कलाकारहरूको, विभिन्न लोकनाच-हरूको भेष भूषा एवं बाजागाजाहको संकलन र रंगमन्चमा प्रस्तुत गर्न वास्तविक लोकगीत एवं लोकनाचहरुको ठूलो खांचोको पूर्ति गर्न कुनै व्यवस्था गर्नु अत्यावश्यक देखिएकोले सांस्कृतिक संस्थानले यसको निमित्त एक योजना बनाई पेश गरेकोमा योजना आयोगद्वारा चालु पंच वर्षीय योजनामा सांस्कृतिक संस्थानको निमित्त निम्न लिखित कार्यक्रम स्वीकृत छः-

१) कलाकार तालीम
२) लोक संस्कृति संग्रहालयको स्थापना

कलाकार तालीम गत वर्ष देखि संस्थानमा चालु भई रहेको छ । लोकसंस्कृति संग्रहालयको-

स्थापनाको निमित्त कारवाही भई रहेको छ । चालु पंच वर्षीय योजना अवधिको अन्त सम्ममा पूरा गरिने आशा छ । यो लोक सस्कृति संग्रहालयमा नेपाल अधिराज्यका विभिन्न सांस्कृतिक परम्पराका नाच लोकगीतहरु भेष भूषा बाजागाजा रहन सहन रीतिरिवाज आदिको अनुसन्धान संकलन एवं संरक्षण गर्ने बढी सीट भएको हल निर्माण गर्ने समेत लक्ष्य राखिएको छ । १५/१६ वर्ष अघि बनेको राष्ट्रिय नाचघरमा केवल ४०० ( चार सय ) सीट छन् । नेपाली जनतामा सांस्कृतिक कार्यक्रम प्रति अभिरूचि बढ्दै गएकोले समय समयमा धेरै दर्शकहरुले कार्यक्रम हेर्न आउँदा ४०० ( चार सय ) भन्दा बढी दर्शकहरुले निराश भएर फर्कनु पर्ने स्थिति हुन्छ । सीटको संख्या बढी भएमा संस्थानलाई पनि बढी आम्दानी भै आत्मनिर्भर हुने दिशातर्फ अघि बढ्न ठूलो सहायता प्राप्त हुन सक्तछ । यसैले हलको सीट बढाउने तर्फ पनि कारवाही भइरहेको छ ।

संस्कृति सम्बन्धी पुस्तक पत्रपत्रिकाहरुको संकलन गर्न र कलाकारहरुको निमित्त अध्ययनको लागि समेत एक लाइब्रेरीको र प्रति दिन प्रस्तुत गरिने सांस्कृतिक कार्यक्रमको निमित्त टिकट बेच्न एक टिकट बिक्रीघरको समेत निर्माण प्रारंभ गरिएको छ । यही आर्थिक वर्ष भित्र निर्माण पूरा गरिने लक्ष्य राखिएको छ ! कुनै संस्थानको निमित्त ४ / ५ वर्षको अवधि कुनै उल्लेखनीय प्रगति हासिल गर्नको निमित्त धेरै छोटो अवधि हुन्छ, तापनि यति छोटो अवधिमै केही उल्लेखनीय प्रगति हासिल गरी सम्पूर्ण कलाकार तथा कर्मचारीहरुको सहयोगले सर्वाङ्गीण प्रगति गर्दै सांस्कृतिक संस्थान अघि बढी रहेको छ ।

मुद्रकः - हर्ष प्रिन्टिङ्ग प्रेस ठमेल भगवान बहाल, काठमाडौं, नेपाल ।